# खप्तड छेडेदह गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प्र.प्र.अ. ९८५८४८८४१७
अध्यक्ष ९८६५९५४००३
उपाध्यक्ष ९८६५९५५६८८


प.स. २०८२।०८३
च.न. ४५४

मितिः २०८२।०९।२९

विषयः रिक्त स्थायी शिक्षक पदमा सरूवा सम्बन्धि सूचना।
(दोस्रो पटक प्रकाशित)

**श्री जो जससँग सम्बन्धित छ।**

प्रस्तुत विषयमा यस खप्तड छेडेदह गाउँपालिका वडा न. ५ स्थित मष्टेश्वरी माध्यमिक विद्यालयले निम्नमाध्यमिक तह तृतिय श्रेणी विज्ञान विषयको रिक्त शिक्षक दरबन्दिमा सरूवा प्रक्रिया अगाडी बढाईदिन भनी मिति २०८२।०९।01 गतेको प्राप्त पत्रानुसार यस खप्तड छेडेदह गाउँपालिकाले मिति २०८२।०९।०२ गते पहिलो पटक प्रकाशन गरेको सरूवा सम्बन्धी सूचनामा कुनै पनि सरूवा निवेदन दर्ता नभएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय उतार सहितको विद्यालयको मिति २०८२।०९।२५ गतेको पत्रानुसार निम्नमाध्यमिक तह तृतिय श्रेणी विज्ञान विषयको रिक्त स्थायी शिक्षक दरबन्दिमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरूवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कृष्ण राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

कृष्ण राज जोशी
प्रमुख प्रशाशकीय अधिकृत

बोधार्थः
१. श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर।
२. श्री शिक्षा विकास तथा समन्वय इकाइ, मार्तडी बाजुरा।
३. श्री मष्टेश्वरी माध्यमिक विद्यालय वडा न. ५ बाजुरा (सम्पर्क न. ९८६३२९८७३०,९८४७५२२६९८ Email: mssd2075@gmail.com)
४. श्री सूचना प्रविधि शाखाः वेब-साइटमा अपलोड गर्नहुन।

नोटः म्याद सकिएर आएका निवेदन माथि कुनै किसिमको कार्बाही हुने छैन।